म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २१६ २०८१ असार १४ गते शुक्रबार 28 June 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## प्रदेश सभा बैठक आज पनि बस्ने

हेटौंडाः बागमती प्रदेश सभाको बैठक आज शुक्रबार पनि बस्ने भएको छ । बिहिबार राती साढे ११ बजेसम्म बैठक सञ्चालन गरी आगामी आर्थिक वर्षको बजेट पारित गरेको प्रदेश सभाको बैठक प्रदेश सभाका सभामुख भुवन कुमार पाठकले आज शुक्रबार दिउँसो ३ बजेका लागि आव्हान गर्नुभएको छ ।

प्रदेश सभाको बिहिबार अबेर रातीसम्म बसेको बैठकले आगामी आर्थिक बर्षको बजेट बहुमतले पारित गरेको हो । प्रदेश सभामा लामो समय छलफलपछि बजेट पारित भएको हो ।

# बागमती प्रदेश सरकारको बजेट बहुमतले पारित



*प्रदेश सभामा बजेट पारित गर्ने प्रस्तावको पक्षमा आफ्नो मत प्रकट गर्दै प्रदेश सभा सदस्यहरु ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको आगामी आर्थिक बर्षको बजेट बहुमतले पारित भएको छ । बिहीबार बसेको प्रदेशसभा बैठकले प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट बहुमतले पारित गरेको हो ।

प्रदेश सरकारका तर्फका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले संसदमा पेश गरेको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र विनियोजन विधेयक २०७९ बहुमतले पारित गरेको हो । प्रदेशसभाका सभामुख भुवन कुमार पाठकले निर्णायार्थ पेश गर्नुभएको प्रदेश सरकारको आर्थिक सम्बन्धी विधेयक र विनियोजन विधेयक प्रदेशसभाको बैकठले बहुमतसहित पारित गरेको हो ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने विपक्षी दलहरुको असहमतिका बीच सत्तारुढ दलका बहुमत सदस्यहरुको समर्थनमा सरकारको विनियोजन विधेयक र आर्थिक विधेयक बहुमतले पारित भएको छ। बजेटमा नेपाली कांग्रेस ३७, राप्रपाका १३ र नेकपाका ३ सहित ५३ सांसदहरु विपक्षमा रहेका थिए भने सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र, सत्ता साझेदार दल नेकपा एमाले, नेकपा एकीकृत समाजवादी पार्टी र हाम्रो नेपाली पार्टीका ५६ जना सांसदहरु बजेटको पक्षमा रहेका थिए ।

प्रदेशसभाको बैठकले ९ जना सांसदहरुले राखेको खर्च कटौतिको प्रस्ताव अस्वीकृत गर्दै बजेट पारित गरिएको हो । बैठकमा कांग्रेस सांसद प्रभात तामाङ, कृष्ण कुमार तामाङ, छिरिङ दोर्जे लामा, रामकृष्ण चित्रकार, रमेश कुमार महत, श्रीराम लामिछाने, पुकार महर्जन, नेमकीपाका सांसद सुरेन्द्रराज गोसाईं, सृजना सायजुले खर्च कटौतिको प्रस्ताव राखेका थिए । प्रदेश सरकारले गत असार १ गते आगामी आर्थिक वर्षका लागि ६४ अर्ब ५४ लाख रुपैयाँ बजेट ल्याएको थियो । प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा १ अर्ब ८४ करोड रुपैयाँ बढीको बजेट प्रस्तुत गरेको थियो ।

कुल बजेटमध्ये चालूतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पुँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेका छन् । प्रदेश सरकारले कुल विनियोजनको चालूतर्फ ४०.४४ प्रतिशत, पुँजीगततर्फ ५७.२३ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ २.३२ प्रतिशत बजेट छुट्ट्याएको छ । आगामी आर्थिक वर्षको खर्च बेहोर्ने स्रोतमध्ये कर राजस्वबाट २७ अर्ब ३८ करोड ५७ लाख रुपैयाँ, अन्य राजस्वबाट ६ अर्ब ५१ करोड रुपैयाँ, सङ्घीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ५७ करोड ६५ लाख रुपैयाँ, चालू आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ८६ करोड रुपैयाँ अनुमान गरिएको छ ।









## सम्पादकीय

# लागूऔषध कारोबार र खुला सीमा

लागूऔषध कारोबार र दुर्व्यसनको समस्या विश्वव्यापी छ । लागूऔषध र यसको दुर्व्यसनीको समस्या सबै देशको साझा बनिरहेको छ । लागूऔषध कारोबार र दुर्व्यसनीमा संलग्न हुनेमा किशोरकिशोरी र युवायुवतीको बाहुल्यता रहेको पाइन्छ । लागूऔषधको बढ्दो कारोबारले धेरै युवाहरुले आफ्नो अमूल्य जीवन बर्बाद गरेका छन् । ठूलो धनराशिको क्षति भइरहेको छ । पारिवारिक विचलन बढिरहेको छ । कयौं अभिभावकको सपना तुहिएको छ । तर, लागूऔषधको कारोबार तथा दुर्व्यसनीको समस्या कम हुन सकेको छैन । लागूऔषध विश्वव्यापी समस्या बनेकै कारण करिब ४ दशक अघिबाट लागूऔषध ओसारपसार विरुद्ध अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको छ । विश्व समुदायलाई लागूऔषधको असर र कारोबारबाट मुक्त गराउन संयुक्त राष्ट्रसंघले सन् १९८७ मा घोषणापत्र जारी गर्दै हरेक वर्ष जुन २६ तारिखलाई अन्तर्राष्ट्रिय लागूपदार्थ तथा अवैध तस्करी विरुद्धको दिवसका रुपमा मनाउने निर्णय गरेको हो ।

बुधबार लागूऔषध तथा अवैध तस्करीविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइएको छ । जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय मकवानपुरले दिवसको अवसरमा एक कार्यक्रम आयोजना गर्‍यो । उक्त कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले खुला सिमानाका कारण लागूऔषध दुव्यर्सनी बढेको बताए । नेपाल–भारतबिचको खुला सीमाका कारण लागूपदार्थको ओसारपसार बढिरहेको मन्त्री श्रेष्ठले दावी गर्नुभयो । उनले लागूऔषध दुर्व्यसनीलाई न्यूनीकरण गर्न घरपरिवारकै सदस्यहरु जवाफदेही र जिम्मेवार बन्नुपर्नेमा जोड दिए । सबै मिलेर यसको न्यूनीकरण गर्नुपर्ने उनको भनाइ छ । मन्त्री श्रेष्ठले लागूऔषध मानिँदै आएको गाँजालाई औषधीको रुपमा प्रयोग गर्नुपर्ने समेत बताए । कानुनीरुपमा नियमन गरेर गाँजालाई औषधीको रुपमा प्रयोग गनुपर्नेमा उनको जाड थियो । लागूऔषध दुर्व्यसनी न्यूनीकरण गर्न विद्यालयस्तरबाट नै सचेतनामूलक कार्यक्रम गर्न आवश्यक रहेको उनले औंल्याए ।

मन्त्री श्रेष्ठले भनेजस्तै नेपाल–भारतबिच रहेको खुला सीमा लागूपदार्थ ओसारपसारका लागि सहयोगी बनिरहेको पक्कै हो । नेपालबाट गाँजा, चरेस, अफिम भारत जाने र भारतबाट सेतो/खैरो हेरोइनका साथै त्यहाँ औषधीको मापदण्डमा परेका तर नेपालमा लागूऔषध दुव्यर्सनीहरुले प्रयोग गर्ने नुर्फिन, डाइजेपाम, लुप्रिजेसिक, फेनारगन, कोरेक्सजस्ता सुई र सिरप अत्यधिक मात्रामा भित्रिने गरेको छ । मकवानपुर तथा धादिङ जिल्लाका दुर्गम क्षेत्रमा उत्पादन हुने गाँजा तथा अफिम हेटौंडा हुँदै भारत लैजाने र वीरगञ्ज नाकाबाट नेपाल भित्रने लागूऔषधहरु हेटौंडा हुँदै राजधानी काठमाडौं तथा देशका अन्य भागमा जाने हुँदा हेटौंडा लागूऔषध कारोबारको "ट्रान्जिट"जस्तै बनिरहेको छ । मकवानपुर प्रहरीले दिनहुँजस्तो लागूऔषध कारोबारमा संलग्न व्यक्तिहरुलाई पक्राउ गर्दै आइरहेको अवस्थाले पनि यसलाई पुष्टि गर्दछ ।

विश्वकै दुई ठूला अर्थतन्त्र र अत्यधिक जनसंख्या भएका भारत र चीनसँग नेपालको खुला सीमा भएकै कारण नेपाल लागूऔषध ओसारपसारको ट्रान्जिट बन्ने गरेको छ । लागूऔषधको समस्यालाई निकै जटिल मान्दै रोकथामका लागि अन्तर्राष्ट्रिय जगतमा नेपालले पनि प्रतिबद्धता जाहेर गर्दै आएको छ । सोही बमोजिम सरकारले लागूऔषध नियन्त्रणका लागि आवश्यक कानुनी व्यवस्था गर्दै प्रहरी परिचालन गरेर यसको कारोबार तथा दुर्व्यसन न्यूनीकरणको प्रयास गरिरहेको छ । दिनहुँ लागूऔषधसहित मानिस पक्राउ परेको समाचारले भने सरकारको प्रयासलाई निरर्थक बनाइरहेको छ । लागूऔषध नियन्त्रणका लागि प्रहरीले केही सक्रियता देखाउने गरेको भए पनि यसलेमात्र सम्भव छैन । लागूऔषध उत्पादन, ओसारपसार, बिक्री वितरण र सेवन सबै चरणमा नियन्त्रण गर्न सामूहिक प्रयास आवश्यक छ । साथै, भारतसँगको सीमा नाकामा कडाइ यसको आयात–निर्यात रोकेर लागूऔषधको समस्या न्यूनीकरण गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : स्वास्थ्यप्रति सचेत रहँदा राम्रो रहने समयको योग छ । |
| वृष | : बौद्धिक क्षेत्र ठिकै रहने समयको योग रहेको देखिन्छ । |
| मिथुन | : झगडा र कलहबाट टाढा बस्दा राम्रो रहने समय छ । |
| कर्कट | : अध्ययन अध्यापनका काममा लागिने समयको योग छ । |
| सिंह | : भेटघाट र कुराकानीमा समय व्यतित हुने योग छ । |
| कन्या | : अध्ययन–अध्यापन मध्यमकारक रहने समयको योग छ । |
| तुला | : पढाइ–लेखाइ मध्यमकारक रहने समयको योग रहेको छ । |
| वृश्चिक | : भेटघाटमा समय व्यतित हुने समय योग छ । |
| धनु | : महत्वकांक्षाले घाटा हुने समय योग रहेको छ । |
| मकर | : अध्ययन–अध्यापन मध्यमकारक रहेको छ । |
| कुम्भ | : पढाइ र धार्मिक कृत्यमा सरिक भइने समय योग छ । |
| मीन | : सामाजिक कामबाट लाभ प्राप्त हुने समय योग रहको छ । |

# खर्चको निर्दिष्ट योजना नभएको प्रदेश बजेट



केशव आचार्य



नेपालको संविधान, २०७२ ले मुलुकको प्रशासनिक संरचनालाई तीन तहमा बाँडेसँगै आर्थिक वर्ष २०७४-७५ देखि प्रदेशहरूले वार्षिक बजेट प्रस्तुत गर्दै आएका छन् । उनीहरूले कुल वार्षिक विनियोजित रकमको ठूलै अंश खर्च गर्न नसकेको देखिन्छ । प्रदेश सरकारहरूको वार्षिक बजेट नेपाल सरकार र स्थानीय तहको तुलनामा न्यून छ, तर त्यो पनि खर्च गर्न सकिरहेको अवस्था छैन । प्रदेश सरकारले केन्द्रीय सरकार र स्थानीय सरकारको तुलनामा खर्चको विस्तार गर्न सकेन । वर्षैपिच्छे प्रस्तुत गरिने बजेट हरेक वर्ष प्रस्तुत गरिने सूचीको निरन्तरताजस्तो मात्र देखिएको छ ।

सातवटै प्रदेशले आर्थिक वर्ष २०८१-८२ का लागि पेस गरेको वार्षिक बजेट २ खर्ब ७८ अर्ब ६९ करोड ४६ लाख ३९ हजार रुपैयाँ रहेको छ, जुन चालु आर्थिक वर्ष २०८०-८१ को संशोधित वार्षिक विनियोजनको तुलनामा १८.९९ प्रतिशतले बढी हो । यसैगरी आर्थिक वर्ष २०८०-८१ को बजेट २ खर्ब ३४ अर्ब २१ करोड ७२ लाख १२ हजार रुपैयाँ थियो, जुन आव २०७९-८० को वार्षिक विनियोजनको तुलनामा संशोधित वार्षिक विनियोजन २३.४७ प्रतिशतले न्यून भइरहेको थियो भने आर्थिक वर्ष २०७९-८० मा सातवटै प्रदेशको कुल विनियोजन ३ खर्ब ६ अर्ब ४ करोड ३ लाख ५७ हजार रुपैयाँ रहेकोमा सोमध्ये २ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार रुपैयाँ वा ६६.८८ प्रतिशत मात्रै खर्च भएको थियो ।

चालु आर्थिक वर्ष २०८०-८१ को संशोधित वार्षिक विनियोजनको तुलनामा बागमती प्रदेशले आर्थिक वर्ष २०८१-८२ का लागि ३३.४० प्रतिशत अधिक बजेट ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रुपैयाँ विनियोजन गरेको छ । लुम्बिनी प्रदेशले चालु आर्थिक वर्ष २०८०-८१ को संशोधित वार्षिक विनियोजनको तुलनामा आर्थिक वर्ष २०८१-८२ का लागि २३.३० प्रतिशत अधिक बजेट ३८ अर्ब ९७ करोड, मधेस प्रदेशले १६.५९ प्रतिशत बढी बजेट ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँ, कोसी प्रदेशले २०.६३ प्रतिशत बढी बजेट ३५ अर्ब २७ करोड ९३ लाख रुपैयाँ, गण्डकी र कर्णाली प्रदेशको आर्थिक वर्ष २०८१-८२ का लागि विनियोजन गरेको बजेट चालु आर्थिक वर्ष २०८०-८१ को तुलनामा न्यून रहेको छ । गण्डकी प्रदेशको चालु आर्थिक वर्ष २०८०-८१ को तुलनामा आर्थिक वर्ष २०८१-८२ मा १.३४ प्रतिशत बजेट न्यून भई ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार रुपैयाँ विनियोजन गरेको छ । कर्णाली प्रदेशको चालु आर्थिक वर्ष २०८०-८१ को तुलनामा आर्थिक वर्ष २०८१-८२ मा ५.९० प्रतिशत बजेट न्यून भई ३१ अर्ब ४१ करोड ४१ हजार रुपैयाँ विनियोजन गरेको छ ।

उक्त अवधिमा सातवटा प्रदेशमध्ये सबैभन्दा बढी कोसी प्रदेशको ७७.०३ प्रतिशत खर्च भएको थियो भने सबैभन्दा कम मधेस प्रदेशको ५७.१४ प्रतिशत मात्रै खर्च भएको थियो । आर्थिक वर्ष २०७९-८० मा सातवटै प्रदेशको कुल खर्चमध्ये पुँजीगत खर्चको अंश ६०.६७ प्रतिशत, चालु खर्चको अंश ३९.०३ प्रतिशत र अन्य शीर्षकको अंश ०.२९ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७९-८० मा सबै प्रदेशले वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानअन्तर्गत कुल १ खर्ब ४८ अर्ब ३२ करोड २६ लाख ८ हजार रुपैयाँ वित्तीय हस्तान्तरणबापत रकम प्राप्त गरेका थिए । सो अवधिमा भएको कुल खर्च २ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार रुपैयाँमध्ये प्रदेश सरकारका आफ्नै आन्तरिक स्रोतबाट १ खर्ब १२ अर्ब ६० करोड ३३ लाख १ हजार रुपैयाँ अर्थात् ५३.६६ प्रतिशत परिचालन गरेका थिए ।

विनियोजित कुल खर्चमा सबैभन्दा बढी आफ्नै आन्तरिक स्रोत परिचालन गर्ने प्रदेशहरूमा बागमती प्रदेशले ६४.१६ प्रतिशत र सबैभन्दा कम आफ्नै आन्तरिक स्रोत परिचालन गर्नेमा सुदूरपश्चिम प्रदेशले ३८.९९ प्रतिशत मात्रै परिचालन गरेको छ । यस बजेटबाट प्रदेश सरकारले प्रदेशमा उत्पादन र उत्पादकत्व अभिवृद्धि, भौतिक पूर्वाधार विकास, उच्च र समन्यायिक आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण, बेरोजगारीको अन्त्य, आर्थिक असमानता तथा सामाजिक विभेद र वञ्चितीकरणको न्यूनीकरण, सामाजिक न्याय, मानव पुँजी निर्माण र मानव विकासका क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरेको छ ।

कोसी प्रदेशले २०३ बुँदाको वार्षिक बजेट पेस गर्दै प्रदेशस्तरीय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०८० लाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । प्रदेश सरकारले पुँजीगत खर्चको परिचालनमा थप प्रभावकारिता ल्याई प्रदेशको आर्थिक गतिविधिमा सुधार हुने अपेक्षा गरेको छ । कार्यक्रम तथा आयोजनाहरूको वाञ्छित नतिजा हासिल गर्न सरकार तप्पर रहेको जनाइएको छ । त्यसैगरी मधेस प्रदेशले बजेट पेस गर्दै प्रस्तुत वार्षिक कार्यक्रम र बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग तथा समन्यायिक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च तथा फराकिलो आर्थिक वृद्धि हुने अपेक्षा गरेको छ । विकास निर्माणका कार्यलाई खुला एवम् प्रतिस्पर्धी खरिद विधि अनुसरण गर्ने र नागरिकको आयोजनाप्रतिको स्वामित्व र अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रियासहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गर्ने कुरामा जोड दिएको छ ।

आगामी आर्थिक वर्षका लागि बजेट पेस गर्दै बागमती प्रदेशले प्रस्तुत बजेटको कार्यान्वयनले प्रदेशको सेवा प्रवाहमा सुधार भई दिगो शान्ति, सुशासनको प्रवर्द्धन र समृद्धि हासिल हुने अपेक्षा गरेको छ । बजेटले भौतिक पूर्वाधार विकास, रोजगारी सिर्जना, आर्थिक क्रियाकलापमा वृद्धि, उत्पादन तथा उत्पादकत्वमा सुधार र नागरिकको जीवनस्तरमा अभिवृद्धि भई समृद्ध प्रदेशको आधारशिला तयार गरिने बताएको छ । गण्डकी प्रदेशले बजेट पेस गर्दै प्रदेश सरकारले ठूला पूर्वाधार निर्माण, औद्योगिक पूर्वाधार निर्माण, उत्पादन र उत्पादकत्वमा जोड, राजस्वको दायरा वृद्धिमा गरेको प्रयास, सेवा प्रवाहमा सुधार र भ्रष्टाचार न्यूनीकरणमा अपनाएको शून्य सहनशीलताको नीतिले नागरिक सन्तुष्टि अभिवृद्धि भई अर्थतन्त्रको आकार क्रमशः विस्तार हुँदै जाने विश्वास लिएको छ ।

यसैगरी लुम्बिनी प्रदेशले आगामी आर्थिक वर्षको बजेट पेस गर्दै प्रस्तावित बजेट तथा कार्यक्रमले प्रदेश सरकारले तय गरेको 'समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश' को संकल्प साकार पार्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छ । कर्णाली प्रदेशले आगामी आर्थिक वर्षका लागि बजेट पेस गर्दै प्रदेशको समग्र विकास गरिने अपेक्षा गरेको छ । प्रस्तावित बजेटको कार्यान्वयनबाट संविधानप्रदत्त मौलिक हक र अधिकारको कार्यान्वयन हुँदै जाने, आधारभूत पूर्वाधार निर्माण हुने, बहुआयामिक गरिबीमा कमी आउने, बजेट अनुशासनको माध्यमबाट प्रदेशको समग्र वित्तीय सुशासन कायम हुने, कर्णाली प्रदेशको आर्थिक, सामाजिक, मानवीयलगायत समग्र विकास र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि हुने, आम नागरिकमा आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तनको अनुभूति हुने विश्वास गरिएको छ ।

सुदूरपश्चिम प्रदेश सरकारले बजेट पेस गर्दै प्रस्तावित बजेटको कार्यान्वयनले प्रदेशमा विद्यमान गरिबी तथा बेरोजगारी, श्रम पलायन, सामाजिक विभेद, वञ्चितीकरण तथा बहिष्करणजस्ता आर्थिक तथा सामाजिक, सांस्कृतिक क्षेत्र, सार्वजनिक वित्त व्यवस्थापन र आयोजना व्यवस्थापनसम्बन्धी समस्या तथा चुनौतीको सम्बोधन भई 'आत्मनिर्भर र समृद्ध सुदूर पश्चिम प्रदेश' निर्माणको दीर्घकालीन सोचलाई हासिल गर्न बलियो आधार निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरेको छ ।

यसैगरी प्रदेश सरकारअन्तर्गतका निकायको बेरुजु फर्स्योट तथा सरकारी बाँकी असुलउपर गरी आर्थिक अनुशासन कायम गर्न बेरुजु फर्स्योटसम्बन्धी कार्यविधि, २०८० लाई प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिएको छ । सबै निकायले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नका लागि आगामी आर्थिक वर्षमा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ लाई संशोधन गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जाहेर भएको छ ।

साथै, सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने प्रक्रिया सरलीकृत गर्ने, सेवाको समय र लागत घटाउने र सूचनाप्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहलाई मुहाररहित, कागजरहित बनाउन जोड दिएको छ । प्रस्तावित कार्यहरू पूरा गर्नका लागि न्यून हुने बजेट पूर्ति गर्न आन्तरिक ऋणबाट २ अर्ब जुटाउने प्रतिबद्धतासमेत बजेटले गरेको छ ।

प्रदेशको आन्तरिक स्रोत परिचालनलाई दिगो र भरपर्दो बनाउन आय परिचालनका थप क्षेत्रहरू पहिचान गर्न विज्ञसहितको कार्यदल गठन गरी अध्ययन गराउने कुरामा जोड दिएको छ । प्रादेशिक महत्वका आयोजनाहरूलाई गौरवका आयोजनाको रूपमा छनोट गरी कार्यान्वयन गर्न प्रदेश गौरव आयोजना मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यसैगरी आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याई प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना छनोट प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउने विषयलाई प्राथमिकतामा राखेको छ ।

सेवाग्राहीका तर्फबाट सबै प्रदेश सरकारले संघ र स्थानीय तहहरूसँग प्रभावकारी समन्वय गरी पारदर्शी हिसाबले बजेटले तय गरेका लक्ष्य र प्रतिबद्धताहरू कार्यान्वयन गरी जनचाहनाअनुसारको सेवाप्रवाह र विकास निर्माणका कार्यहरू कार्यान्वयन हुन सक्नेछ भन्ने विश्वास गरिएको छ ।

प्रस्तुत बजेट कार्यान्वयनबाट प्रदेशको विकासको मूल आधार भौतिक संरचना निर्माण, रोजगारी वृद्धि, आर्थिक क्रियाकलापमा बढोत्तरी हुनुका साथै नागरिकको जीवनस्तरमा वृद्धि भई समुन्नत प्रदेशको आधारशिला तयार हुने कुरामा जोड गरेको छ । हालसम्म प्रदेश सरकारले कानुनी र संस्थागत व्यवस्थाको अभावमा आन्तरिक ऋण परिचालन गर्न नसकेकोमा आगामी वर्षामा आन्तरिक ऋण परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गरेको छ । साथै, प्राप्त ऋण रकमलाई उत्पादनमूलक, रोजगारी सृजना गर्ने र ऋणको लागतभन्दा आर्थिक-सामाजिक लाभ बढी प्राप्त हुने सम्भावना रहेका योजनाहरूमा मात्र विनियोजन गर्ने व्यवस्था मिलाउने कुरामा जोड गरेको छ ।

प्रदेशअन्तर्गतका जिल्ला समन्वय समितिहरूको क्षमता विकास गरी अनुगमन प्रक्रियालाई थप प्रभावकारी बनाउँदै विकास निर्माणको कार्यमा सन्तुलन कायम गर्न जिल्ला समन्वय समितिहरूलाई बजेट विनियोजन गरी समन्वय र सहकार्यको अभ्यासलाई जीवन्त राख्ने प्रयास गरेको छ ।

प्रदेश र स्थानीय तहको सेवा प्रवाह, विकास व्यवस्थापन र शासकीय प्रबन्धलाई व्यवस्थित, प्रभावकारी, विश्वसनीय र चुस्त बनाउन योग्यता प्रणालीको अवलम्बन गरी प्रदेश लोकसेवा आयोगको क्षमता विकास गरी प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति व्यवस्थापन भई सेवा प्रवाह र विकास निर्माण कार्य थप सहज, शीघ्र र प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

यसैगरी बजेटले कृषि, उद्योग र सेवा क्षेत्रको योगदान बढ्ने, पुँजीगत खर्च अभिवृद्धि हुने, पूर्वाधार निर्माणको कार्यले गति लिने तथा विभिन्न महामारी र आर्थिक शिथिलताको असर कम हुँदै जाँदा समग्र आर्थिक गतिविधि बढोत्तरी भई ५.८ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अनुमान गरिएको छ ।

यसबाट प्रदेशमा उत्पादन र उत्पादकत्व अभिवृद्धि, भौतिक पूर्वाधार विकास, उच्च र समन्यायिक आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण, बेरोजगारीको अन्त्य, आर्थिक असमानता तथा सामाजिक विभेद र वञ्चितीकरणको न्यूनीकरण, सामाजिक न्याय, मानव पुँजी निर्माण र मानव विकासका क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

अन्त्यमा, सेवाग्राहीका तर्फबाट सबै प्रदेश सरकारले संघ र स्थानीय तहहरूसँग प्रभावकारी समन्वय गरी पारदर्शी हिसाबले बजेटले तय गरेका लक्ष्य र प्रतिबद्धताहरू कार्यान्वयन गरी जनचाहनाअनुसारको सेवाप्रवाह र विकास निर्माणका कार्य कार्यान्वयन हुन सक्नेछ भन्ने विश्वास गरिएको छ । *(स्रोतः कारोबारदैनिक)*

# बजेट प्रणाली निर्माणमा अर्थमन्त्री र मुख्यमन्त्रीबिच मतभेद

समाज संवाददाता

हेटौंडा: बजेट विनियोजन प्रणाली व्यवस्थित गर्ने सन्दर्भमा बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री र मुख्यमन्त्रीबिच मतभेद भएको छ। बजेट विनियोजन प्रणालीलाई नीतिगत गर्ने विषयमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया र मुख्यमन्त्री शालिकराम जम्कट्टेलको फरक मत देखिएको हो।

बिहीबार बसेको प्रदेशसभा बैठकमा प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटमाथि सांसदहरुले उठाएको प्रश्नको जवाफ दिँदै मुख्यमन्त्री जम्कट्टेल र आर्थिक मामिलामन्त्री थपलियाले बजेट विनियोजन प्रणालीका सन्दर्भमा फरक मत राख्नुभएको हो। बैठकमा मन्त्री थपलियाले मुख्यमन्त्री जम्कट्टेलले बजेट विनियोजन प्रणाली निर्माण गर्न सकारात्मक रहेको बताउनुभए पनि मुख्यमन्त्री जम्कट्टेलले विपक्षमा धारणा राख्नुभयो।

बैठकमा मुख्यमन्त्री जम्कट्टेलले बजेट विनियोजन प्रणालीलाई व्यवस्थित गर्दा सांसदहरुले चाहे अनुसारको योजना समावेश गर्न नसक्ने बताउनुभयो। प्रणाली परिमार्जन गर्दा सांसदहरुले खोजेका आयोजनाहरुले बजेटमा समावेश गर्न कठिन हुने उहाँको भनाइ छ। उहाँले प्रणाली बनाएर बजेट विनियोजन गर्दा स्थानीय तहको सिफारिसमा योजना छनौट हुने भएकाले सांसदहरुको आकांक्षा समेट्न नसकिने बताउनुभयो। सो अवस्थालाई स्वीकार गर्न तयार भए संसदबाट पारित गरेर बजेट विनियोजन प्रणाली निर्माण गर्न सरकार तयार रहेको मुख्यमन्त्री जम्कट्टेलले बताउनुभयो।

मुख्यमन्त्री जम्कट्टेलका अनुसार बजेट विनियोजन प्रणाली निर्माणपश्चात् सरकार परिवर्तनसँगै बजेटको नीति परिवर्तन हुने र विकास निर्माणमा असर पर्ने हुन्छ। 'बजेट विनियोजन प्रणालीको नीति निर्माण गर्न सरकार तयार छ। नीति निर्माण गरेर अघि बढ्दा सांसदहरु बाँधिएर बस्नुपर्ने बाध्यता रहन्छ। नीति निर्माण गरेर अघि बढ्दा स्थानीय तहको सिफारिसका योजना हाल्नुपर्छ', मुख्यमन्त्रीले भन्नुभयो- 'तपाईंहरु बाँधिन तयार हो भने सरकारले नीति बनाउन अघि बढ्छ। संसदबाट बजेट विनियोजन प्रणाली निर्माण गरेर अघि बढ्छ।'

यता आर्थिक मामिला तथा योजनामन्त्री थपलियाले बजेट विनियोजन प्रणाली निर्माणका विषयमा मुख्यमन्त्री जम्कट्टेलभन्दा फरक धारणा राख्नुभएको छ। उहाँले सरकार परिवर्तन हुँदा पनि बजेट विनियोजन प्रणाली व्यवस्थित गर्नेगरी नीतिगत व्यवस्था गर्नुपर्ने बताउनुभयो। बजेट प्रणाली व्यवहारिक र पारदर्शी बनाउन सके सरकार र प्रतिपक्षबिच बजेटमाथिको विवाद, मतभेद र बजेट असन्तुलन अन्त्य हुने उहाँको भनाइ छ।

उहाँले बजेट विनियोजनको मोडल परिवर्तन गर्नुपर्नेमा सकारात्मक रहेको बताउनुभयो। परम्परागतरुपमा बजेट कार्यक्रम आउने गरेकाले त्यसको सुधार आवश्यक रहेको उहाँले औंल्याउनुभयो। मन्त्री थपलियाले प्रदेशसभाका अधिकांश सांसदहरुको मत बजेट विनियोजन प्रणालीको परिमार्जनमा रहेको बताउनुभयो। सोही आधारमा बजेट प्रणाली परिवर्तनमा मन्त्रालयले काम गर्ने उहाँको भनाइ छ।

प्रदेश सरकारले चैतसम्म कार्यक्रम निर्धारण गर्ने गरी बजेट विनियोजनको परिमार्जित प्रणाली विकासमा मन्त्रालयले भूमिका खेल्ने उहाँले बताउनुभयो। सो प्रणालीलाई प्रदेश सरकारको सम्पत्तिको रुपमा रहने गरी बजेट सन्तुलित बनाउन प्रयोग गर्ने उहाँले बताउनुभयो। प्रदेश सरकारले सर्वदलीय समिति बनाएर बजेट निर्माण प्रक्रियालाई व्यवस्थित गर्न काम गर्ने मन्त्री थपलियाको भनाइ छ।

## अर्थमन्त्रीको पक्षमा अन्य मन्त्रीहरु

बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यले बजेट विनियोजन प्रणाली व्यवस्थित नभएको बताउनुभयो। उहाँले बजेट विनियोजन प्रणाली नै गलत हुँदा समस्या देखिएको बताउनुभयो। बजेट प्रणाली व्यवस्थित नहुँदा संघीयतामाथि नै प्रभाव परिरहेको उहाँको भनाइ छ। बजेट प्रणालीलाई व्यवस्थित गर्न सकेमात्र लोकतन्त्र र संघीयता बलियो हुने मन्त्री बज्राचार्यले बताउनुभयो। सबै दलहरु मिलेर बजेट विनियोजन प्रणालीलाई व्यवस्थित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री एकालाल श्रेष्ठले बजेट विनियोजन प्रणालीलाई व्यवस्थित गर्न आयोजना बैंक निर्माण गरेर अघि बढ्नुपर्ने बताउनुभयो। उहाँका अनुसार प्रदेश नीति तथा योजना आयोगलाई सक्रिय र जिम्मेवार बनाएर आयोजना बैंक निर्माण गरी बजेट विनियोजन गर्नुपर्छ। उहाँले खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयस्तरको आयोजना बैंक तयारी अवस्थामा रहेको बताउनुभयो। उहाँले योजना आयोगसँग समन्वय गरेर मन्त्रालयस्तरको आयोजना बैंकलाई परिचालन गर्न भूमिका खेल्ने बताउनुभयो।

बजेट कार्यक्रममा नागरिकको आवश्यकता र अपेक्षालाई समेट्न नसकिएको मन्त्री श्रेष्ठले बताउनुभयो। स्रोतको अभावका कारण सांसदहरुले माग गरेअनुसार बजेट व्यवस्था नगरिएको उहाँको भनाइ छ। बजेटमाथि हुने चलखेलका विषयमा मन्त्रालय र विभागीय मन्त्रीको हैसियतमा आफू सचेत रहेको उहाँले बताउनुभयो। आयोगमार्फत् प्रत्येक जिल्लामा समस्या र आवश्यकताका बारेमा प्रदेश सांसद, स्थानीय तह र नागरिकको सहभागितामा छलफल गराई योजना छनौटमा सहभागी गराउनुपर्ने उहाँको भनाइ छ।

प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल 'शरद' ले सरकारले विकासको महत्वपूर्ण फड्को मार्न वृहत् र बहुवर्षे योजना छनौट गरी बजेट विनियोजन गर्न सोहीअनुसारको प्रणाली निर्माण गर्नुपर्ने बताउनुभयो। उहाँले बजेट निर्माणलाई व्यवस्थित गर्न मन्त्रालयले प्रादेशिक सडक गुरुयोजना कार्यान्वयनमा ल्याएको बताउनुभयो। सरकारले बजेट कार्यक्रमका सन्दर्भमा उचित व्यवस्थापनको नीति कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ छ।

# सर्वेक्षण अनुमति प्रणालीबारे अभिमुखीकरण

समाज संवाददाता

हेटौंडा: तथ्यांकीय सर्वेक्षण सञ्चालक सरकारी तथा गैरसरकारी निकायहरुबीच सर्वेक्षण अनुमति प्रणालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ। बिहीबार हेटौंडामा राष्ट्रिय तथ्याङ्क कार्यालयको आयोजनामा कार्यक्रम भएको हो।

तथ्याङ्क कार्यालयका निर्देशक भरतराज शर्माको सभाध्यक्षतामा भएको कार्यक्रमलाई कार्यालयका कानुन अधिकृत सरिता ज्ञवाली गौतम र कार्यालयका निर्देशक अरुण गौतमले सहजीकरण गर्नुभएको थियो। सहजकर्ता ज्ञवालीले तथ्याङ्क संकलन अनुमति सम्बन्धमा तथ्याङ्क ऐन र नियमावलीमा उल्लेख गरिएको विषय तथा प्रक्रियालाई पूर्णरुपमा पालना गर्नुपर्ने बताउनुभएको छ। प्रमुख तथ्याङ्क अधिकारीबाट तथ्याङ्क संकलनको अनुमति दिने निर्णय भएमा नियमावलीको अनुसूचीको ढाँचामा अनुमतिपत्र प्रदान गर्नुपर्ने उहाँले बताउनुभयो।

तथ्याङ्क संकलन अनुमति प्रदान गरिएका सरकारी निकाय वा संस्थालई तथ्याङ्क संकलनका लागि अनुमति नम्बर र सरकारी निकाय वा संस्थाले तथ्याङ्क संकलनका लागि फिल्ड कार्य सुरु हुने मिति र क्षेत्रसहितको जानकारी कार्यालयलाई दिनुपर्ने उहाँले बताउनुभयो। उहाँका अनुसार कुनै सरकारी कार्यालय, सरकारी स्वामित्व भएको वा यस उद्देश्यको लागि सरकारी सहायता प्राप्त संस्था वा विदेशी व्यक्ति वा संस्थाले व्यावसायिक उद्देश्यले आर्थिक कुराको लगत, विवरण वा तथ्याङ्क संकलन गर्न चाहेमा केन्द्रीय तथ्याङ्क विभागबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ।

तथ्याङ्क संकलन गर्न स्वीकृति प्राप्त गर्ने व्यक्ति वा संस्थाले तथ्याङ्क संकलन गरी त्यसलाई प्रयोगमा ल्याउनु वा प्रकाशित गर्नुअघि विभागबाट प्रमाणित गराउनुपर्ने, तथ्याङ्क प्रमाणित गर्दा केन्द्रीय तथ्याङ्क विभागले कुनै खर्च व्यहोर्नुपर्ने भए त्यस्तो खर्चसमेत तथ्याङ्क प्रमाणित गराउन चाहने व्यक्ति वा संस्थाले विभागलाई बुझाउनुपर्ने बताइएको छ। विभागको स्वीकृति प्राप्त नगरी कुनै पनि तथ्याङ्क विदेशी व्यक्ति, संस्था वा अन्तर्राष्ट्रिय संस्थालई उपलब्ध गराउनु नहुने उहाँको भनाइ छ।

स्वीकृति प्राप्त गरी तथ्याङ्क संकलन गर्नुपर्नेमा स्वीकृति प्राप्त नगरी वा स्वीकृति प्रदान गर्दा तोकिएको प्रणाली वा शर्तविपरित हुने गरी तथ्याङ्क संकलन गरेमा त्यस्तो प्रत्येक कसूरबापत पाँच हजार रुपैयाँ जरिवाना हुने उहाँले बताउनुभयो। कुनै तथ्याङ्कलाई प्रयोगमा ल्याउनु वा प्रकाशित गर्नुअघि प्रमाणित गराउनुपर्नेमा सो नगराई प्रयोगमा ल्याउने व्यक्ति वा संस्था र प्रकाशन गर्ने व्यक्तिलाई त्यस्तो प्रत्येक कसूरबापत पाँच हजार रुपैयाँ जरिवाना हुने ज्ञवालीले बताउनु भयो। संगठित संस्थाबाट भएकोमा त्यस्तो कसूर आफ्नो जानकारी बेगर भएको हो भन्ने कुरा प्रमाणित गर्न सकेको अवस्थामा बाहेक त्यस्तो कसूरबापतको सजाय सम्बन्धित संस्थाको महाप्रबन्धक वा प्रबन्धक वा प्रमुखलाई हुनेछ।

अर्का सहजकर्ता अरुण गौतमले तथ्याङ्क विकासमा अन्तर्राष्ट्रिय भूमिका निकै महत्वपूर्ण मानिने भएकाले १९८० पछि विश्वमा आएको परिवर्तनसँगै तथ्याङ्कसम्बन्धी साझा मापदण्डको खोजी भएको जानकारी दिनुभयो। तथ्याङ्क क्रियाकलापमा अन्तर्राष्ट्रिय सहयोग तथा समन्वय विस्तारको सुरुवातसँगै आधिकारिक तथ्याङ्कका दशवटा सिद्धान्तको विकास भएको उहाँको भनाइ छ। सन् १९९२ मा युरोपेली आर्थिक आयोगले ती सिद्धान्त अपनाउने घोषणा गरेको उहाँले बताउनुभयो।

सन् १९९४ मा विश्वको सर्वोत्कृष्ट तथ्याङ्कीय प्राधिकारी मानिने संयुक्त राष्ट्र तथ्याङ्क आयोगले ती दशवटा सिद्धान्तको अनुमोदन गरेको गौतमको भनाइ छ। अन्तर्राष्ट्रियस्तरमा तथ्याङ्कसम्बन्धी विभिन्न घोषणा र कार्ययोजना लागू गर्दै संयुक्त राष्ट्र तथ्याङ्क आयोगले अनुमोदन तथा आफ्ना सदस्य राष्ट्रलाई सिद्धान्त अपनाउन निरन्तर प्रोत्साहन गरिरहेको उहाँले बताउनुभयो।

# आयोजना बैंक तयारी अवस्था छः मन्त्री श्रेष्ठ

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिंचाई मन्त्री एकालाल श्रेष्ठले मन्त्रालयस्तरको आयोजना बैंक तयारी अवस्थामा रहेको बताउनुभएको छ। उहाँले योजना आयोगसँग समन्वय गरेर मन्त्रालयस्तरको आयोजना बैंकलाई परिचालन गर्न भूमिका खेल्ने बताउनुभएको छ।

प्रदेशसभाको बिहीबार बसेको बैकठमा बजेट माथि उठेका प्रश्नको जवाफ दिनुहुँदै नागरिकको आवश्यकता र अपेक्षालाई समेट्न नसकिएको बताउनुभयो। स्रोतको अभावका कारण सांसदहरुले माग गरे अनुसार बजेट व्यवस्था गरिएको उहाँको भनाई छ। बजेटमाथि हुने चलखेलका विषयमा मन्त्रालय र विभागीय मन्त्रीको हैसियतमा आफू सचेत रहेको उहाँले बताउनुभएको छ।

'नागरिकको घरघरमा शुद्ध खानेपानी, सिंचाई सुविधा पुऱ्याउन खानेपानी सरसफाई सुलभ वर्षको रुपमा मनाउने तयारी छ। सो अनुसार प्रत्येक जिल्लामा समस्या र आवश्यकताका बारेमा प्रदेश सांसद, स्थानीय तह र नागरिकहरुसँग छलफल गरी संचालन गर्ने मन्त्रालयको तयारी रहेको छ', उहाँले भन्नुभयो, 'मन्त्रालयले वहुवर्षे र साना तथा क्रमागत योजना संचालनका लागि कार्यालयहरुलाई सिलिङ पठाइएको छ। हाल खानेपानीका २० र सतह र भूमिगत सिंचाईका ७३ वटा गरी ९३ वटा योजनाहरु वहुवर्षे आयोजनाको रुपमा रहेको छ। ति योजनामा कुल बजेटबाट विनियोजन गरिएको छ।'

बजेट छनौट गर्दा खानेपानी र सिंचाईका योजनाको प्राथमिकता तोकएको उहाँले बताउनुभयो। स्थानीय तहको सिफारिस, सांसदहरुको माग र आवश्यकताको आधरमा योजना छनौट गरिएको उहाँले स्पष्ट पार्नुभएको छ।

# वडा कार्यालय भवन शिलान्यास



*वडा कार्यालय तथा सामुदायिक भवन शिलान्यास कार्यक्रममा नगरप्रमुख, उपप्रमुख लगायत।*

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ को कार्यालय तथा सामुदायिक भवन शिलान्यास भएको छ। बिहीबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले भवन शिलान्यास गर्नुभएको वडा अध्यक्ष सुशील घिमिरेले जानकारी दिनुभयो।

चालु आर्थिक बर्षमा २० लाख रुपैयाँको बजेटमा भवन निर्माण कार्य सुरु गरिएको छ। हेटौंडा-५, राईटोलमा तीन तल्ले भवन निर्माण हुने भएको छ। बाँकी निर्माण कार्यका लागि बजेट प्राप्त भइसकेको र निरन्तर निर्माण हुँदै जाने वडा अध्यक्ष घिमिरेले बताउनुभयो। शिलान्यास कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, प्रशासकीय अधिकृत गोपाल पोखरेल, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र टोल विकास संस्थाका पदाधिकारीको उपस्थिति रहेको थियो। भवनको जग निर्माण कार्य असार २० गतेसम्म सकिने बताइएको छ। बाँकी कार्य बजेट थप भएबमोजिम निरन्तर हुँदै जानेछ। हेटौंडा उपमहानगरपालिकाका १९ वटा वडामध्ये अझै पनि २, ५, ११ र १६ नम्बर वडा कार्यालय भाडाको घरमा छन्। बाँकी वडाहरुको भवन निर्माण अझसम्म टुङ्गो भएको छैन। वडाको आफ्नो भवन नहुँदा सेवाग्राहीलाई पनि समस्या हुने गरेको छ।

सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्थाद्वारा संचालित

मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, भिन्तुनापथ


**सिलबन्दी दरभाउपत्र आह्वानको सुचना**

*पुन: प्रकाशित मिति: २०८१/०३/१४ गते*

यस अस्पताललाई आ.व.२०८१/०८२ का लागि तपसील बमोजिमको विभिन्न सामानहरु खरिद गर्नुपर्ने भएकोले स्वीकृत प्राप्त व्यावसायिक फर्म तथा सप्लायर्सले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अस्पतालको लेखा शाखामा रु. १,०००/- (एक हजार मात्र) बुझाई दरभाउपत्र खरीद गरी आठौं दिन दिउँसो १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | विज्ञापन नं | सामग्री विवरण |
|---|---|---|
| १ | MCH2081/082-04 | सरसफाई सामग्री |
| २ | MCH2081/082-05 | स्टेशनरी सामग्री |

सम्पर्क
मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७/५२३४८७




**कम्पनीको नाम परिवर्तन हुने सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१०/११ मा प्रा. लि नं. २५३६३१ मा दर्ता रियान्स निर्माण सेवा एण्ड सप्लायर्स पा. लि अङ्ग्रेजीमा Riyansh Nirman Sewa And Suppliers Pvt.Ltd. को मिति २०८१/०३/११ मा कम्पनीको एकल संस्थापकको विशेष साधारणसभा लगायत सञ्चालक समितिबाट स्वकृति प्राप्त भई साविकको नाम रियान्स निर्माण सेवा एण्ड सप्लायर्स पा. लि अङ्ग्रेजीमा Riyansh Nirman Sewa And Suppliers Pvt.Ltd. परिवर्तन भई आर एस लाइफ स्टाइल्स प्रा.लि. अङ्ग्रेजीमा RS Lifestyles Pvt. Ltd. हुने भएकोले यस नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने ऋण-धन कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोश्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

# मकवानपुरका २,०९८ जना विद्यार्थी कक्षा ११ मा भर्ना हुन योग्य

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भएका मकवानपुर जिल्लाका २ हजार ९८ जना विद्यार्थी कक्षा ११ भर्ना हुन योग्य भएका छन् । राष्ट्रिय परीक्षा बोर्डले बिहिबार सार्वजनिक गरेको नतीजा अनुसार मकवानपुर जिल्लाबाट एसईईमा सहभागी ५ हजार ७ सय ५२ परीक्षार्थीमध्ये २ हजार ९८ जना (३६.४७ प्रतिशत) ११ कक्षा भर्ना हुन योग्य भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ ।

मकवानपुर जिल्लाको नतीजा राष्ट्रिय नतीजा भन्दा पनि कमजोर नतीजा देखिएको छ । राष्ट्रिय नतीजाअनुसार ४७.८६ प्रतिशत विद्यार्थी कक्षा ११ मा भर्ना हुन योग्य छन् । मकवानपुर जिल्लाबाट एसईईमा सहभागी ३ हजार ६ सय ५४ जना विद्यार्थी कक्षा ११ भर्ना नपाउने (नन ग्रेडेड- एनजी) भएका छन् । मकवानपुर जिल्लाबाट जीपीए ३.६ देखि ४ सम्म हासिल गर्ने २ सय ५८ जना, जीपीए ३.२ देखि ३.६ हासिल गर्ने ५ सय ९२ जना, जीपीए २.८ देखि ३.२ हासिल गर्ने ७ सय ६५ जना, जीपीए २.४ देखि २.८ हासिल गर्ने ४ सय ५१ जना, जीपीए २.० देखि २.४ हासिल गर्ने ३२ जना रहेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमले जानकारी दिनुभएको छ ।

गत चैत १५ गते सुरु भएर चैत २७ गते एसईई सकिएको थियो । एसईईमा एउटा विषयमा मात्रै एनजी हुने ७ सय ३० जना र २ वटा विषयमा एजी हुने ६ सय २५ विद्यार्थी छन् । २ वटा विषयसम्म एनजी हुने विद्यार्थीले ग्रेड वृद्धिका लागि मौका परीक्षा दिन पाउनेछन् । राष्ट्रिय परीक्षा बोर्डले आगामी साउन १८ र १९ गते ग्रेडवृद्धि परीक्षाको तालिका समेत सार्वजनिक गरेको छ । हेटौंडा उपमहानगरपालिका, भीमफेदी गाउँपालिकासहित केही पालिकाले एसईईको नतीजाको पालिकास्तरीय विवरण तयार पार्न सकेको छैन ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) को राष्ट्रिय नतीजामा ५२ प्रतिशत परीक्षार्थी नन ग्रेडेड (अनुत्तीर्ण) भएका छन् । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले बिहीबार सार्वजनिक गरेको एसईईको नतिजाअनुसार २ लाख २२ हजार ४७२ जना (४७.८६ प्रतिशत) विद्यार्थी भने उत्तीर्ण भएका छन् । यसमा सबभन्दा धेरै ७८ हजार ८७४ जना जीपीए २.८० देखि ३.२० मा परेका छन् । २ लाख ४२ हजार ३१३ जना विद्यार्थी नन ग्रेड (एनजी)मा परेका हुन् । यो संख्या परीक्षामा सहभागी ४ लाख ६४ हजार ७८५ विद्यार्थीको ५२.१४ प्रतिशत हो ।

### बालजागृतिकी रितिकाको ४ जीपीए




हेटौंडाः २०८० सालको विद्यालय शिक्षा परीक्षा (एसईई) मा मकवानपुर जिल्लाबाट एकजना विद्यार्थीले मात्रै जीपीए ४ हासिल गरेका छन् । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकी छात्रा रितिका छत्कुलीले जीपीए ४ ल्याएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ ।

### कैलाशका ११ जना विद्यार्थी सफल

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भएका कैलाश गाउँपालिकाका ११ जना विद्यार्थी मात्रै कक्षा ११ मा भर्ना हुन पाउने भएका छन् । कैलाश गाउँपालिकाका ६ वटा विद्यालयबाट १ सय ९९ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । परीक्षामा सहभागी १ सय ८८ जना विद्यार्थी नन ग्रेडेड भएका छन् ।

बिहिबार सार्वजनिक भएको नतीजाअनुसार कैलाश गाउँपालिका-२ स्थित कालिदेवी मावि र कैलाश गाउँपालिका-१० स्थित रत्नज्योति माविका कुनै पनि विद्यार्थी कक्षा ११ मा भर्ना हुन योग्य भएनन् । कालिदेवीबाट २६ जना र रत्नज्योतिबाट २४ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । कैलाश गाउँपालिका-२ स्थित कमलादेवी माविबाट एसईईमा सहभागी ४५ जना विद्यार्थी मध्ये ३ जना, कैलाश गाउँपालिका-३ स्थित भवानी माविबाट एसईईमा सहभागी ५५ जना विद्यार्थी मध्ये १ जना, कैलाश गाउँपालिका-८ स्थित धुवाङ माविबाट एसईईमा सहभागी ११ जना विद्यार्थी मध्ये १ जना र कैलाश गाउँपालिका-९ स्थित कालिका माविबाट एसईईमा सहभागी ३८ जना मध्ये ६ जना विद्यार्थी मात्रै कक्षा ११ मा भर्ना हुन पाउने भएका छन् ।

### बागमतीका ७.९६ प्रतिशत विद्यार्थी सफल

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भएका मकवानपुरको बागमती गाउँपालिकाका २७ जना (७.९६ प्रतिशत) विद्यार्थी मात्रै कक्षा ११ मा भर्ना हुन पाउने भएका छन् । गाउँपालिकाको शिक्षा शाखाका प्रमुख प्रमोद राईका अनुसार यस वर्ष बागमती गाउँपालिकाबाट ३ सय ३९ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । राष्ट्रिय परीक्षा बोर्डले बिहिबार सार्वजनिक गरेको एसईईको नतीजा अनुसार बागमती गाउँपालिकाका ५ वटा माध्यमिक विद्यालयमध्ये २ वटा विद्यालयका एकजना विद्यार्थी पनि कक्षा ११ मा भर्ना हुन योग्य भएनन् ।

### मकवानपुरगढीका ४६ विद्यार्थी सफल

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी भएका मकवानपुर गढी गाउँपालिकाका ४६ जना (१५.३३ प्रतिशत) विद्यार्थी मात्रै कक्षा ११ मा भर्ना हुन पाउने भएका छन् । गाउँपालिकाका स्रोत शिक्षक दाशरथी उपाध्यायका अनुसार यस वर्ष मकवानपुरगढी गाउँपालिकाबाट ३ सय जना विद्यार्थी एसईईमा सहभागी भएका थिए ।

मकवानपुरगढी गाउँपालिकाका १० वटा माध्यमिक विद्यालयबाट ३ सय जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । भानु माध्यमिक विद्यालयका २ जना विद्यार्थीले ए प्लस ग्रेड ल्याएका छन् । यस्तै ए ग्रेड जम्मा ९ जना, बी प्लस ग्रेड २१ जना र बी ग्रेड १४ विद्यार्थीले प्राप्त गरेका छन् । एसईई मौका परीक्षा एक सय ३ जनाले दिन पाउने भएका छन् ।

# राजनीतिक दलले प्रतिष्ठानको कार्यक्रम बहिष्कार गर्ने

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको वार्षिक उत्सव कार्यक्रम मकवानपुर जिल्लाका राजनीतिक दलहरुले बहिष्कार गर्ने भएका छन् । प्रतिष्ठानले आज शुक्रबार आयोजना गरेको चौथो वार्षिक उत्सवको कार्यक्रममा जिल्लाका १० राजनीतिक दलहरु सहभागी नहुने भएका हुन् ।

सर्वदालीय बैठकको निर्णय सार्वजनिक गर्दै दलहरुले एक विज्ञप्ति जारी गरेका छन् । जारी विज्ञप्तिमा हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्ने ऐनका दफाहरु खारेज नभएसम्म प्रतिष्ठानले आयोजना गर्ने कुनै पनि कार्यक्रममा सहभागिता नजनाउने उल्लेख छ । विज्ञप्तिमा नेपाली कांग्रेसका बुद्ध लामा, नेकपा माओवादी केन्द्रका भीम पाखिन, राष्ट्रिय स्वतन्त्र पार्टीका किशोर अर्याल, नेकपा एकीकृत समाजवादीका विष्णुप्रसाद दहालले हस्ताक्षर गर्नुभएको छ । यस्तै, राप्रपा नेपालका गुरुप्रसाद सापकोटा, राप्रपाका अर्जुनप्रसाद गौतम, नेकपाका राम सी, जसपा नेपालका दीपक सिंतान, नेकपा मालेका हरि अधिकारी र क्रान्तिकारी कम्युनिष्ट पार्टीका सद्धाम हुसेनले विज्ञप्तिमा हस्ताक्षर गर्नुभएको छ ।

# २४ जना महिलालाई सम्मान

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) मकवानपुर जिल्लाको आज शुक्रबार २३ औं जिल्ला सम्मेलन हुँदैछ । बिहीबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजक समितिका प्रचारप्रसार विभाग प्रमुख दीपक वाइबाले सम्मेलनको तयारी पूरा भएको बताउनुभयो ।

हेटौंडा-२ स्थित पल्पसा प्याराडाइज होटलमा हुने सम्मेलनको उद्घाटन अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष पञ्चा सिंहले गर्नुहुने संगठन मकवानपुरका अध्यक्ष श्रवणकुमार बर्तौलाले बताउनुभयो । संगठनले ३ वर्षे कार्यकाल पूरा गरेर २३ औं जिल्ला सम्मेलन गर्न लागेको उहाँले बताउनुभयो । सम्मेलनमा जिल्लाभित्रका स्थानीय र क्याम्पसबाट गरी २ सय २० जना प्रतिनिधि सहभागी हुने उहाँले बताउनुभयो । सम्मेलनबाट नयाँ नेतृत्व चयन हुने उहाँले बताउनुभयो । सकेसम्म सर्वसम्मत नेतृत्व चयन हुने नभए निर्वाचनमा जाने उहाँको भनाइ छ ।

सम्मेलनको उद्घाटन कार्यक्रममा पार्टी पोलिटब्युरो सदस्य एवम् बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तान, पार्टी प्रदेश उपाध्यक्ष एवम् प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला इन्चार्ज विजय गौतमलगायतको उपस्थिति रहने जनाइएको छ ।

# एरिना, कृष्मा र बैकुण्ठका कविता उत्कृष्ट

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी फाउण्डेशनले मदनकुमार भण्डारीको ७३ औं जन्मजयन्तीको अवसरमा आयोजना गरेको कविता प्रतियोगितामा एरिना चौलागाईं, कृष्मा लौंडारी र बैकुण्ठ लामिछानेका कविता उत्कृष्ट घोषित भएका छन् । "समाज रुपान्तरण, राजनीति क्रान्ति, समावेशीता, समृद्धि र आधुनिक चेतनाका लागि जनताको बहुदलीय जनवादको योगदान" विषयमा २४ कविता प्राप्त भएकोमा निर्णायक मण्डलबाट उत्कृष्ट १० कविता छानिएका थिए । १० उत्कृष्ट कविता बीच वाचनसहितको प्रतिस्पर्धा हुँदा ३ कविता उत्कृष्ट घोषित हुँदै पुरस्कृत भएको हो । उत्कृष्ट तीन कविलाई नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

# लागुऔषध गाँजासहित ३ जना पक्राउ




समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित ३ जनालाई पक्राउ गरेको छ । बुधबार दिउँसो र राती छुट्टाछुट्टै स्थानबाट दुईवटा ट्रकमा लागुऔषध गाँजा तस्करी भइरहेको भन्ने विशेष सूचनाका आधारमा प्रहरीले २ वटा ट्रकसहित तीन जनालाई पक्राउ गरेको जनाएको छ ।

बुधबार दिउँसो साढे ३ बजेको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५ रातोमाटे चेकपोष्टबाट प्रहरीले १ सय ५५ केजी लागुऔषध गाँजा बरामद गरेको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा, जिल्ला प्रहरी कार्यालय मकवानपुर र प्रहरी चौकी रातोमाटेबाट खटिएको संयुक्त प्रहरी टोलीले विशेष सूचनाको आधारमा चितवनबाट पथलैयातर्फ जाँदै गरेको ना ५ ख १११८ नम्बरको डिब्बा ट्रकलाई रोकी सुरक्षाजाँच गर्दा १ सय ५५ केजी लागुऔषध गाँजा बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले ट्रकसहित ट्रक चालक चितवन जिल्लाको राप्ती नगरपालिका-२, गड्यौलीका ३६ बर्षीय सुनिल मुक्तान र ट्रकमा सवार चितवन जिल्लाकै राप्ती नगरपालिका-१, लोथरका २० बर्षीय अनिल भन्ने धन बहादुर स्याङ्तानलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै बुधबार राती १ बजेर १५ मिनेटको समयमा भीमफेदी गाउँपालिका-१, सामरी पुल नजिकै भित्री सडकखण्डमा रोकेर राखेको बा ३ ख ४६१ नम्बरको मिनिट्रकबाट प्रहरीले १ सय ७५ केजी लागुऔषध गाँजा बरामद गरेको छ । विशेष सुचनाको आधारमा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले गाँजा बरामद गरेको हो । प्रहरीले ट्रकसहित ट्रक चालक हेटौंडा-४ का ५१ बर्षीय पूर्ण बहादुर रुम्बालाई नियन्त्रणमा लिएको जनाएको छ ।

# अखिल क्रान्तिकारीको २३ औं जिल्ला सम्मेलन आज हुँदै

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) मकवानपुर जिल्लाको आज शुक्रबार २३ औं जिल्ला सम्मेलन हुँदैछ । बिहीबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजक समितिका प्रचारप्रसार विभाग प्रमुख दीपक वाइबाले सम्मेलनको तयारी पूरा भएको बताउनुभयो ।

हेटौंडा-२ स्थित पल्पसा प्याराडाइज होटलमा हुने सम्मेलनको उद्घाटन अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष पञ्चा सिंहले गर्नुहुने संगठन मकवानपुरका अध्यक्ष श्रवणकुमार बर्तौलाले बताउनुभयो । संगठनले ३ वर्षे कार्यकाल पूरा गरेर २३ औं जिल्ला सम्मेलन गर्न लागेको उहाँले बताउनुभयो । सम्मेलनमा जिल्लाभित्रका स्थानीय र क्याम्पसबाट गरी २ सय २० जना प्रतिनिधि सहभागी हुने उहाँले बताउनुभयो । सम्मेलनबाट नयाँ नेतृत्व चयन हुने उहाँले बताउनुभयो । सकेसम्म सर्वसम्मत नेतृत्व चयन हुने नभए निर्वाचनमा जाने उहाँको भनाइ छ ।

सम्मेलनको उद्घाटन कार्यक्रममा पार्टी पोलिटब्युरो सदस्य एवम् बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तान, पार्टी प्रदेश उपाध्यक्ष एवम् प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला इन्चार्ज विजय गौतमलगायतको उपस्थिति रहने जनाइएको छ ।

# ज्ञानदा माविमा शैक्षिक सामग्री आवश्यक

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका १० नम्बर वडा कार्यालयको आयोजनामा भएको बालबालिकाको सवाल, जनप्रतिनिधिको जवाफ कार्यक्रममा विद्यार्थीले विद्यालयमा शैक्षिक सामग्री आवश्यक रहेको बताएका छन् । बिहीबार ज्ञानदा माध्यमिक विद्यालयमा भएको कार्यक्रममा विद्यार्थीहरुले जनप्रतिनिधिहरुलाई विभिन्न किसिमका सवालहरु सोधेका थिए ।

कार्यक्रममा बाल समूहका विद्यार्थीहरुले विद्यालय नर्स, प्राथमिक कोठा, विद्यालय बस, फ्यान, अतिरिक्त कक्षा सञ्चालन, खेल सामग्रीजस्ता विषयमा वडा अध्यक्षसँग प्रश्न उठाएका थिए भने आवश्यक सामान उपलब्ध गराउन अनुरोध गरेका थिए । विद्यालयमा खेलमैदान नभएका कारण प्रतिभा देखाउने स्थान नभएको विद्यार्थीहरुले बताएका छन् । खाली कक्षाको सदुपयोग गर्न कला शिक्षकको आवश्यकता रहेको बाल समूहकी कोषाध्यक्ष सालिनी ठाकुरले बताउनुभयो ।

विद्यार्थीहरुले जनप्रतिनिधिलाई शैक्षिक सुधारका लागि थप प्रोजेक्टर, विज्ञान प्रयोगशालामा चाहिने सामान, बाँदरका कारण भइरहेको समस्याको बारेमा ध्यानाकर्षण गराएका छन् । बाल समूहका सदस्य तथा अन्य विद्यार्थीहरुले विद्यालयको झ्याल र ढोकाको मर्मत गर्न आवश्यक रहेको बताएका छन् ।

विद्यार्थीहरुको प्रश्नको उत्तर दिँदै वडा अध्यक्ष फुर्वा दोर्जे लामाले विद्यालयलाई सुधार गर्न वडाको ठूलो भूमिका रहेको बताउनुभयो । उहाँले बसको विषयमा विद्यालयले विभिन्न विचार पुऱ्याउनु पर्ने बताउनुभयो । उहाँका अनुसार हेटौंडा-१० मा खेल मैदान नभएका कारण यसलाई व्यवस्थापन गर्न वडा कार्यालय विभिन्न तरिकाले अघि बढिरहेको छ । यस्तै, झ्याल र ढोकाको मर्मत वा भवन मर्मतको विषयमा विद्यालयको प्रशासन, विद्यालय व्यवस्थापन समिति क्रियाशील हुनुपर्ने बताउँदै लामाले नर्सको व्यवस्था छिट्टै गर्ने प्रतिबद्धता गर्नुभएको छ ।

'वडाले शिक्षाका लागि बजेटबाट ३० प्रतिशत रकम छुट्याएको छ', वडा अध्यक्ष लामाले भन्नुभयो- 'शैक्षिक क्षेत्रमा वडाले गर्नुपर्ने हरेक काम गर्नेछ ।' वडा अध्यक्ष लामाले विद्यालयमा शिक्षक बढाउने अवस्था नरहेको बताउनुभयो । उहाँले विद्यार्थी बढाउन जरुरी रहेको भन्दै शिक्षक बढाउने अवस्था नरहेको बताउनुभएको हो ।

कार्यक्रममा वडा सदस्य, विद्यालय व्यवस्थापन समिति, पूर्व प्रधानाध्यापकलगायत ६० जना विद्यार्थी र शिक्षकको उपस्थिति रहेको थियो । यस्तै, हेटौंडा-१० को वडा कार्यालयले आज शुक्रबार संस्कृत वेद विद्यालय, आइतबार सोलिड्यारिटी बोर्डिङ र सोमबार तुलसी मेहर मेमोरियल माविमा बालबालिकाको सवाल, जनप्रतिनिधिको जवाफ कार्यक्रम आयोजना गर्नेछ ।

## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर,सिपालु,सक्षम,योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण सिर्जना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने,अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभूति गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ